प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल ।

प.स. : २०७६/७७
च.नं. ८३६

मिति : २०७७/०१/०९

विषय :- नियमित खोप संचालन सम्बन्धमा ।

श्री स्वास्थ्य कार्यालय सबै ।

प्रस्तुत विषयका सम्बन्धमा विश्वव्यापी महामारी रुपमा रहेको कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि देशभर लकडाउनको अवस्थामा रहेको र यसै कारणले गर्दा नियमित खोप सेवा समेत प्रभावित भइरहेको सम्बन्धमा स्वास्थ्य सेवा विभागको च.नं. ३९५२ मिति २०७७/०१/०७ को पत्रद्वारा नियमिति खोप सेवा संचालनका लागि मार्गदर्शन सहित लेखि आएको हुदाँ यसै पत्र साथ संलग्न खोप सेवा संचालनको मार्गदर्शन अनुसार जिल्ला प्रशासन, स्थानिय सरकार लगायत सरोकारवालाहरुसंग समन्वय गरी नियमित खोप सेवा सुचारु गर्ने व्यवस्था मिलाउन अनुरोध छ ।

.................................
रमेश प्रसाद अधिकारी
निर्देशक

बोधार्थ :-
श्री सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा ।
श्री स्थानिय तह, सबै ।

सम्पर्क नं. ०५७-५२४५१०, email: hd.prov3@gmail.com, website: www.hd.p3.gov.np

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय तथा जनसंख्या
## स्वास्थ्य सेवा विभाग

प.सं. २०७६/०७७ च.नं. 1542 टेकु, काठमाडौं, नेपाल।

मिति: २०७७।१।०७

**विषय: नियमित खोप संचालन सम्बन्धमा।**

**श्री प्रदेश स्वास्थ्य निर्देशनालय, ७ वटै**
**श्री प्रदेश स्वास्थ्य आपुर्ती व्यवस्थापन केन्द्र, ७ वटै**
**श्री स्वास्थ्य कार्यालय, ७७ वटै**

प्रस्तुत सम्बन्धमा विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि देशभर हाल लकडाउनको अवस्थामा रहेको साथै हाल नियमित खोप सेवा समेत प्रभावित भईरहेकाले सो सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मंत्रालयबाट जारी **"कोभिड-१९ महामारी सम्बन्धमा कोभिड तथा अन्य स्वास्थ्य प्रवाहको लागि अन्तरिम निर्देशिका २०७६"** मा उल्लेख भए अनुसार अत्यावश्यक तथा आधारभुत स्वास्थ्य सेवा सुचारु गर्नुपर्ने साथै ०७६।०१।०५ गतेको स्वास्थ्य मन्त्रालयको दैनिक हुने कोभिड मिडिया ब्रिफिङ्गमा समेत प्रवक्ताज्यू बाट नियमित खोप सुचारु गर्न जानकारी भए अनुसार यसै पत्र साथ संलग्न **खोप सेवा संचालनको मार्गदर्शन** अनुसार नियमित खोप सुचारु गर्ने गराउने व्यवस्थाको लागि अनुरोध छ।

महेन्द्र प्रसाद श्रेष्ठ
महानिर्देशक

बोधार्थ :
सामाजिक विकास मन्त्रालय, सात वटै : आवश्यक समन्वयको लागि अनुरोध

## कोभिड-१९ को महामारीको समयमा नियमित खोप सेवा संचालनको लागि मार्गदर्शन

१. **खोप सेवा संचालन गर्दा सामाजिक दुरी कायम गर्ने**

- समुदाय/खोप सेसनमा खोप प्रदान गर्दा कम्तिमा ३ देखि ६ फिट दुरी कायम गरी पालैपालो खोप सेवा दिने व्यवस्था गर्ने
- सो को लागी जनप्रतिनिधि, स्वयमसेविकाहरू मार्फत सकेसम्म टोल बस्तिबाट खोप केन्द्रमा आउने समय निर्धारण गरी सोही अनुसार जानकारी गराउने
- खोप सेवामा आएका सेवाग्राहीलाई खोप केन्द्रमा समेत जनप्रतिनिधि, स्वयमसेविकाहरुको सहयोगमा भिड नियन्त्रण तथा सामाजिक दुरी कायम गर्ने

२. **बच्चालाई खोप दिन हुने नहुने अवस्थाको पहिचान गर्ने**

- खोप सेवा लिन आएका बालबालिकाहरुलाई तत् समयमा ज्वरो, सुख्खा खोकि (कोभिडका शंकास्पद लक्षण चिन्हहरु) भएमा खोप नदिने । सो अवस्था पहिचान गर्न स्वयमसेविका तथा जनप्रतिनिधिहरु बाट सहयोग लिने
- पछि बच्चा निको भए पछि खोप दिन/लिन परामर्श र व्यवस्था गर्ने

३. **खोप दिने स्वास्थ्यकर्मीको व्यक्तिगत सुरक्षाको व्यवस्था**

- खोप दिने स्वास्थ्यकर्मीले अनिवार्य रुपमा कम्तिमा सर्जिकल मास्क, डिस्पोजेबल ग्लोब्सको प्रयोग र गुल्मा तथा आवश्यकता अनुसार हात धोएर तथा निरन्तर हेन्ड सेनिटाइजरको प्रयोग गरेर खोप सेवा संचालन गर्ने
- व्यक्तिगत सुरक्षाको सामाग्रीहरु स्वास्थ्य कार्यालय र स्थानिय तहहरु बाट समन्वय गरी व्यवस्थापन गर्ने

४. **लक्षित सबै बालबालिकालाई खोप लगाउने व्यवस्था गर्ने**

- लक्षित बालबालिका (१५ महिना भित्रका) हरु सबै खोप सेवामा आएको सुनिश्चित गर्ने
- समुदाय तथा टोलबाट सबै बालबालिकाहरुलाई खोप लगाउन ल्याउन जनप्रतिनिधि, स्वयमसेविका र सरोकारवालाहरुको सहयोग र परिचालनको व्यवस्था गर्ने

५. **खोप सेवा संचालन गर्न स्थानिय प्रशासन, स्थानिय तह र सबै सरोकारवाला निकायमा समन्वय र जानकारी गर्ने**

**नोट :**

१. खोप सेवा संचालन गर्दा खोप कोल्डचेन व्यवस्थापन र गुणस्तर कायम गर्न साबिकको निर्देशिका र मापदण्ड अनुसरण गर्ने
२. हालको अवस्थामा खोप कोल्डचेन वितरण तथा ढुवानी स्वास्थ्य कार्यालय र स्थानिय तहको समन्वयमा गर्ने
३. रुघाखोकी तथा ज्वरो आएका स्वास्थ्यकर्मी तत् समयमा खोप सेवामा संलग्न नहुने
४. खोप सेवा संचालन गर्दा खोप सेवामा आएका सेवाग्राहीहरु मार्फत कोभिड १९ को रोकथाम तथा नियन्त्रणका उपायहरुको बारेमा परामर्श गर्ने
५. यसै साथ संलग्न निर्देशिकाहरु र आधारभुत स्वास्थ्य सेवा प्याकेज सबै सरोकारवालाहरु निकायमा जानकारी एवम् उपलब्ध गराउने व्यवस्था गर्नुहुन

महानिर्देशक